ऐन नं. २

गाउँ सभाबाट स्वीकृत मिति : २०७६/०३/१०

# विनियोजन ऐन, २०७६

## विगु गाउँपालिका

लादुक, दोलखा

## आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि विगु गाउँपालिकाको संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक

**प्रस्तावना:** विगु गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम विगु गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम " **विगु गाउँपालिकाको विनियोजन ऐन, २०७६**" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१) आर्थिकवर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३७,७२,५५,०००।- (अक्षेरुपी सैतिस करोड बहत्तर लाख पच्पन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त विगु गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची-१**

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँ कार्यपालिका | ६५८०० | १३३१०० | | १९८९०० |
| २ | | वडा समिति | | ४८१०० | | ४८१०० |
| | | **जम्मा** | | | | **२४७०००** |
| ३ | | आर्थिक विकास | | १९०२५ | | |
| ४ | | सामाजिक विकास | | ३२९७५ | | |
| ५ | | पुर्वाधार विकास | | ११०८०० | | |
| ६ | | वातावरण तथा विपद व्यव्स्थापन | | ७२०० | | |
| ७ | | संस्थागत विकास तथा सेवा प्रवाह तथा सुशासन | | ११२०० | | |
| ८ | | कार्यालय तथा प्रशासनिक व्यवस्थापन | ६५८००००० | ० | | |
| ९ | | संघिय शर्शत | १२८१०० | ० | | १२८१०० |
| १० | | प्रदेश शर्शर्त | २१५५ | ० | ० | २१५५ |
| **जम्मा** | | | **१९६०५५** | **१८१२००** | **०** | **३७७२५५** |